# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## वन विज्ञान संकाय
### डीनको कार्यालय
हेटौंडा, मकवानपुर


च. नं. :- (शै.प्र.शा.) ८११/०८१/०८२

मिति : २०८१/११/१५ गते

**स्नातकोत्तर तह (२०८१–२०८३) मा UDF कोटामा भर्नाको लागि छनौट भएका उम्मेदवारहरुको**
**पाँचौ भर्ना सूची प्रकाशन सम्वन्धि सूचना**

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौंडाको शैक्षिक सत्र २०८१–२०८३ स्नातकोत्तर तहमा अध्ययन गर्न आवेदन दिएका उम्मेदवारहरुमध्ये मिति २०८१/१०/२० गते आइतवारका दिन लिइएको प्रवेश परीक्षामा प्राप्त प्राप्ताङ्क र स्नातक तहको प्राप्ताङ्कको १० प्रतिशत समेतको आधारमा योग्यताक्रमानुसार तयार गरी चौथौ भर्ना सूचीमा उल्लेखित उम्मेदवारहरुलाई भर्नाको लागि छनौट गरिएकोमा छनौट भएका उम्मेदवारहरुले दिइएको म्याद भित्र यस वन विज्ञान संकायमा भर्ना नभएको हुनाले भर्ना हुन बाँकी रहेका रिक्त स्थानको लागि तपसिलका सूचीमा उल्लेखित उम्मेदवारहरुलाई UDF कोटामा भर्नाको लागि छनौट गरिएको छ । छनौट भएका उम्मेदवारहरुले **मिति २०८१/११/१५ गतेदेखि मिति २०८१/११/१८ गते आईतबार कार्यालय समय भित्र** यस वन विज्ञान संकाय, हेटौंडामा सम्पर्क गरि भर्ना भई सक्नुपर्नेछ । भर्ना हुन आउँदा नागरिकताको प्रमाणपत्र, S.L.C. देखि B.Sc. सम्मका सम्पूर्ण शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रहरु साथै उक्त प्रमाणपत्रहरुको २/२ प्रति फोटोकपि, पासपोर्ट साईजका ३ प्रति फोटो सहित उम्मेदवार आफै उपस्थित हुनुपर्नेछ । कुनै उम्मेदवारको शैक्षिक योग्यता एवं अन्य विवरण झुठ्ठा ठहरिएमा वा फरक भेटिएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारको भर्ना कुनैपनि समय रद्द गर्न सकिनेछ । भर्ना सूची प्रकाशनमा सकेसम्म शुद्दिकरण गरिएकोछ, तथापि कुनै भूलचुक भएमा भर्ना सम्बन्धि मूलकपिबाट सच्याईने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि सूचित गरिन्छ ।

**भर्ना हुने विद्यार्थीले भर्ना शुल्क रकम रु.९५,०००।- (पन्चानब्बे हजार रुपैया) वन विज्ञान संकाय, हेटौडाको नाममा रहेको कृषि विकास बैङ्क लिमिटेड, हेटौडा शाखा चल्ति खाता नं. ०५०८५०१८५४९९५०१९ मा जम्मा गरेको बैङ्क भौचर संलग्न हुनु पर्नेछ ।**

**UDF कोटामा भर्नाका लागि छनौट भएका उम्मेदवारहरु:-**

| Serial No. | Exam Roll No. | Full Name of Applicants | Gender | Total Score |
|---|---|---|---|---|
| 1 | 1088 | Pranir Poudel | Male | 75.817 |

**वोधार्थ:-**

।१। श्री रजिष्ट्रारको कार्यालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।२। श्री स्नातकोत्तर कार्यक्रम निर्देशनालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।३। श्री परीक्षा नियन्त्रण कार्यालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।४। श्री आर्थिक प्रशासन शाखा, वन विज्ञान संकाय, हेटौडा, मकवानपुर ।

( जितेन्द्र गौतम )
निमित डीन

नि. डीन


फोन नं. ०५७-५२४१५४, ५२७३५४, ५२३२४८
फ्याक्स नं.: ०५७-५२७३५४
Email: deanforestry@afu.edu.np
Web.: www.afu.edu.np